मानेभञ्ज्याङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ्ग ओखलढुङ्गा
कोशी प्रदेश , नेपाल

## मानेभञ्ज्याङ्ग गाउँपालिका क्षेत्र भित्रको खोला /नदीबाट उत्खनन् संकलन हुने ढुंगा ,ग्रावेल र बालुवा संकलन तथा बिक्री शुल्क दस्तुर उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०६/१२**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ (च) र कोशी प्रदेश आर्थिक अध्यादेश २०८०को अनुसूची ५ बमोजिम तपशिलमा उल्लिखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी कोशी प्रदेश आर्थिक अध्यादेश २०८०ले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति , फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र ,मूल्य अभिवुद्धि कर दर्ता प्रमाणपत्र ,आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र/म्याद थपको पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपशिल बमोजिमका शर्तहरूको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**मानेभञ्ज्याङ्ग गाउँपालिका क्षेत्र भित्रको खोला/नदीको बगरबाट संकलन/उत्खनन् हुने ढुंगा ,ग्रावेल र बालुवा बिक्री तथा संकलन शुल्क गर्ने कार्य**

| क्र. स. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खन्न परिमाण (घन मि ) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | MRM/NCB/SUNKOSHI/CE-SGS/02/080/081 | सूनकोशी नदीको बगर क्षेत्र: भण्डारे खोला, मोलुङ्ग दोभान ,माफीगाँउ बगर | २२३१४।६० | ५२०४२०१।४३ | कवोल अंकको ५% को दरले हुने रकम | ३००० |
| २ | MRM/NCB/DUDHKOSHI/CE-SGS/03/080/081 | दुधकोसी नदीको बगर क्षेत्र :- फस्कु दुधकोशी -१ ,रोम्दु खोला , फस्कु दुधकोशी -२ | ७५२०।८० | २३२९८९५।०४ | कवोल अंकको ५% को दरले हुने रकम | ३००० |

**शर्तहरू**

१.फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवुद्धि कर दर्ता प्रमाणपत्र, ,आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ,बोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय मानेभञ्ज्याङ्गमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं. २४८०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । साथै विधुतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी



छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत

कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२.बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५% (प्रतिशत)को दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय मानेभञ्ज्याङ्गमा रहेको धरौटी खाता नं. २४८०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३.खरिद गरेको बोलपत्र फारमहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम ,ठेगाना,कामको विवरण , बोलपत्र विवरण प्रोपराइटरको नाम , ठेगाना , फोन नं. ,मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा हार्डकपी वा विधुतीय प्रति दर्ता गनु पर्नेछ ।

४.एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको २.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि , निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरूको रोहवरमा यस कार्यालमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५.प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १४औं दिन दिनको १२.०० बजे मानेभञ्ज्याङ्ग गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलीपल्ट सोही समयमा हुनेछ ।

६.बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी ,रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७.बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोश्रो किस्तावापत ६० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा २०७९ साल साउन मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक , सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस मानेभञ्ज्याङ्ग गाउँपालिकाका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन , प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।



छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

९. ढुङ्गा ,ग्रावेल र बालुवा आदि का कर तथा शुल्क सङ्कलनका लागि निम्नानुसार दररेट निर्धारण गरिएको छ ।

| क्र.स. | विवरण | इकाई | दर (संङ्कलन तथा बिक्री शुल्क) मु.अ. कर बाहेक |
|---|---|---|---|
| १ | ढुङ्गा ,ग्रावेल | प्रति घन फिट | ७|०० |
| २ | बालुवा | प्रति घन फिट | ६|०० |

१०. यस गाउँपालिकालाई रकम बुझाउनुपर्ने बाँकी बक्यौता भएका फर्महरूको त्यस्तो बाँकी रकम नबुझाए सम्म निजको बोलपत्र स्वीकृत स्वीकृत गरिने छैन ।

११. ठेक्का कबोल गर्ने ठेकेदारले तोकेको कर संङ्कलन गर्दा प्रयोग गर्ने संङ्कलन तथा बिक्री तर्फको रसिदहरू ठेकेदारले आफनो तर्फबाट छपाई उक्त रसिदहरू यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर संङ्कलन गरेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

१२. ठेक्का कबोल अंकको थप मुल्य अभिवृद्धि कर राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मासिक रूपमा बुझाई सोको प्रमाण मासिक रूपमा कार्यालयमा पेश गर्नु पर्नेछ ।

१३. न्यूनतम ठेक्का रकम अनुमान/निर्धारण गर्दा गाउँपालिका क्षेत्रभित्र हाल दर्ता प्रकृयामा रहेका खानी तथा उधोगहरूको संभावित कारोवारहरूलाई समावेश गरिएको छ । स्वीकृत लागत अनुमानमा उललेखित क्षेत्रको अलावा नयाँ क्षेत्र (खोला/नदी ) पहिचान भई आएमा र नेपाल सरकारको निर्णय बमोजिम नेपाल सरकार /दातृ निकायद्वारा सञ्चालन हुने विकास आयोजनाहरूको लागि प्रयोग हुने निर्माणजन्य सामग्रीको विक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEE को परिधि भित्र रहि ) ले प्रयोग गरेका परिमाणको आधारमा गाउँपालिकाले छुट रूपमा ठेक्का बन्दोवस्त गर्नेछ ।

१४. ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोडन पाउने छैन । बिचमै ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत ब्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडी बाँकी अवधिका लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेको भन्दा कमरकम उठन गएमा सो कम रकम पनि पुर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१५. सेवा शुल्क कर उठाउने सम्पुर्ण दायित्व ठेकेदारको हुनेछ । त्यस सम्बन्धमा कार्यालयले कुनै जिम्मेवारी बहन गर्ने छैन , साथै प्रचलित कानुन बमोजिम तिर्नुपर्ने सम्पुर्ण करहरू ठेकेदार स्वयंले बुझाउनुपर्नेछ ।

१६. परिमाणका अधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदि का कारणले केहि दिन काम सुचारू नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावि गर्न पाइने छैन । कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट /मिनाहा सम्बन्धि कुनै माग कार्यालयलाई स्वीकार हुने छैन ।

१७. यस सूचनामा उल्लेख भएका कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

१८. विशेष अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।

१९. ढुंङ्गा ,ग्रावेल र बालुवा आदिको संङ्कलन , उत्खनन तथा बिक्री सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति , स्थननीय अनुगमन समिति र मानेभन्ज्याङ गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरू ठेक्का लिने पक्षले पुर्णरूपमा पालना गर्नुपर्नेछ ।

२०. प्रदेश सरकार /उधोग पर्यटन वन तथा वातावरण मन्त्रालय कोशी प्रदेशबाट जारी गरिएको नदीजन्य पदार्थ ( सङ्कलन र उपयोग कार्यविधि २०७६ मा भएको व्यवस्थालाई पुर्णरूपमा पालना गर्नुपर्नेछ ।

२१. आ. व. २०८०/०८१ का लागि कर सङ्कलन शुरू मिति सम्झौतामा उल्लेखित भए अनुसार हुनेछ ।

यस सम्बनधमा थप जानकारी **मानेभञ्ज्याङ्ग गाउँपालिकाको कार्यालय मानेभञ्ज्याङ्ग ओखलढुङ्गा** बाट प्राप्त गर्न सकिने छ ।



छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत